# श्री उच्च अदालत पोखरा
## बागलुङ इजलास
### बागलुङ

पत्र संख्या: ०७८/०७९
चलानी नं. ०७८-१०-००३३४

मिति :- २०७८।५।१०

# सूचना ! सूचना !! सूचना !!!

जिल्ला प्रशासन कार्यालय, बागलुङको मिति २०७८।४।२६ समेतको सूचनाअनुसार मिति २०७८।४।२८ देखि यस जिल्ला भित्र सार्वजनिक तथा निजी सवारी साधन सञ्चालनमा रोक लगाएकोमा जिल्ला प्रशासन कार्यालय, बागलुङको मिति २०७८।५।१० को सूचना अनुसार मिति २०७८।५।१० गते राती १२:०० बजेपछि सार्वजनिक र निजी सवारी सञ्चालन गर्न दिने तथा निषेधाज्ञा केही खुकुलो बनाउने निर्णय भएको देखिँदा उच्च अदालत बार एसोसियसन र उच्च सरकारी वकील कार्यालय बागलुङका पदाधिकारीहरु बीच मिति २०७८।५।७ मा भएको छलफल र प्राप्त सुझाव समेतलाई मध्यनजर गर्दै तोकिएका स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्डहरुको पुर्ण पालना गरी मिति २०७८।५।११ देखि यस अदालतमा सबै प्रकारका निवेदन तथा मुद्दा दर्ता र सबै प्रकारका मुद्दा तथा निवेदन प्रतिवेदनको सुनुवाईसमेत यथावत रुपमा सञ्चालन गर्ने भनी यस अदालतको मिति २०७८।५।१० को पूर्ण वैठकबाट निर्णय भएको हुँदा सरोकारवाला निकाय, कानून व्यवसायी एवं सेवाग्राहीहरुका लागि यो सूचना प्रकाशन गरिएको छ ।

फोन नं. ०६८-५२०२४५, फ्याक्स नं.: ०६८-५२०२६१, E-mail: info.hcibaglung@supremecourt.gov.np